# संघीय संसद
## प्रतिनिधि सभा
## कृषि सहकारी तथा प्राकृतिक श्रोत समिति
## **''खाद्य तथा खाद्य सम्प्रभुताको अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'' सम्बन्धी समितिको प्रतिवेदन, २०७५**

१. विधेयकको दफा १ को उपदफा (१) मा रहेका "खाद्य अधिकार सम्बन्धी ऐन,२०७५" भन्ने शब्दहरुको सट्टा "खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" भन्ने शव्दहरु राख्ने ।

२. विधेयकको दफा २ को,–

(१) खण्ड (ख) को ठाउँठाउँमा रहेको "ब्यक्ति" भन्ने शब्दको सट्टा "नागरिक" भन्ने शब्द राख्ने।

(२) खण्ड (ग) मा रहेको "वा कृषिजन्य उत्पादन गर्ने" भन्ने शब्दहरुको सट्टा ", कृषिजन्य उत्पादन गर्ने वा प्रचलित कानून बमोजिम कृषि कार्यमा उपयोगको लागि निर्धारण गरिएको" भन्ने शब्दहरु राख्ने।

(३) खण्ड (ज) मा रहेको "दफा ३१" भन्ने शब्दहरुको सट्टा "दफा ३२" भन्ने शब्दहरु राख्ने।

(४) खण्ड (ट) मा रहेको "तथा" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राख्ने।

३. विधेयकको दफा ३ को,–

(१) उपदफा (१) मा रहेको ",खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार" भन्ने शब्दहरुको सट्टा "तथा खाद्य सुरक्षाको अधिकार" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा(२) मा रहेका "उपलब्ध स्रोत साधनको अधारमा प्रथमिकिकरण गरी" भन्ने शब्दहरु झिक्ने।

(३) उपदफा(३) मा रहेका ", खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकार" भन्ने शब्दहरुको सट्टा "तथा खाद्य सुरक्षाको अधिकार" भन्ने शब्दहरु राख्ने र सो उपदफाका खण्ड (ङ), (च), (छ), (ज), (झ) र (ट) झिकि बाँकी खण्डको क्रम मिलाउने।

४. विधेयकको दफा ५ को सट्टा देहायको दफा ५ राख्नेः

"५. <u>लक्षित घर परिवारको पहिचान</u>ः (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको गरिबी, भौगोलिक विकटता, विपद् वा त्यस्तै अन्य कुनै कारणले खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको तोकिए बमोजिम पहिचान गरी त्यसको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको विवरण दफा ३४ बमोजिमको प्रदेश खाद्य परिषद् र मन्त्रालयमा समेत अभिलेखको लागि पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अभिलेखमा खाद्य असुरक्षाको जोखिममा नरहेका घर परिवारको विवरण समेत समावेश भएको पाइएमा वा अभिलेखमा परेको घर परिवार कुनै कारणवाट लक्षित घर परिवारमा नपर्ने भएमा जुनसुकै अवस्थामा स्थानिय तहले त्यस्तो परिवारको विवरण अभिलेखवाट हटाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त अभिलेखको आधारमा प्रत्येक प्रदेशले आफ्नो प्रदेशभित्रका र मन्त्रालयले नेपालभरका खद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

(५) यसदफा बमोजिमको अभिलेख स्थानिय तहले समय समयमा अद्यावधिक गर्नु पर्नेछ र त्यसको जानकारी प्रदेश खाद्य परिषद् र नेपाल सरकारलाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिमको अभिलेख बिद्युतिय माध्यमवाट समेत राख्नेगरी नेपाल सरकारले आवश्यक प्रणालीको विकास गर्न सक्नेछ।

(७) लक्षित घर परिवारको पहिचानका अन्य आधार तथा प्रकृया तोकिए वमोजिम हुनेछ ।"

५. विधेयकको दफा ६ को उपदफा (२) को अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यंश थप्नेः

"तर लक्षित घर परिवारमा अठार वर्ष उमेर पुगेका कुनै पनि सदस्य नभएको अवस्थामा यस उपदफामा लेखिएको कुराले त्यस्तो परिवारका उमेर नपुगेका सदस्यको नाममा खाद्य सहायता परिचयपत्र जारी गर्न वाधा पर्ने छैन।"

६. विधेयकको दफा ७ को उपदफा (१) मा रहेका "गराउन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "गराउनु पर्नेछ" भन्ने शब्दहरु राख्ने।

७. विधेयकको दफा १० को उपदफा (१) मा रहेका "महामारी जस्ता कारणले" भन्ने शब्दहरुको सट्टा "महामरी, भोकमरी जस्ता कारणले" भन्ने शब्दहरु राख्ने।

८. विधेयकको दफा ११ पछि परिच्छेद-३ मा देहायको दफा १२ थप गर्ने र त्यसपछिका दफाको क्रम मिलाउनेः

"१२ <u>खाद्य सम्प्रभुताको अधिकारको सम्मान, संरक्षण र परिपूर्तिः</u> (१) प्रत्येक किसानलाई खाद्य सम्प्रभुताको अधिकार हुनेछ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकुल प्रभाव नपर्नेगरी प्रत्यक किसानलाई देहायको खाद्य सम्प्रभुताको अधिकार हुनेछः–

(क) प्रत्येक किसान वा खाद्य उत्पादकले पहिचान र सम्मान पाउने,

(ख) खाद्य तथा कृषि उत्पादन प्रणालीमा सहभागी हुने,

(ग) कृषि कार्यका लागि आवश्यक पर्ने साधन र श्रोतमा पहुँच हुने,

(घ) स्थानीय बीउ बिजन, प्रविधि, औजार र कृषि प्रजातिको छनौट तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्ने,

(ङ) परम्परागत तथा रैथाने खाद्यको संरक्षण गर्ने,

(च) कृषि पेशावाट स्वेच्छाचारी रूपले वञ्चित गर्ने कार्य विरुद्ध संरक्षण प्राप्त गर्ने ।"

९. विधेयकको साविक दफा १२ दफाक्रम मिलाउँदा कायम हुने दफा १३ कोः

(१) खण्ड (घ) मा रहेका "बाली बीमा वा पशुपक्षी बीमामा" भन्ने शब्दहरुको सट्टा "बिउ, बाली वा पशुपक्षी बीमामा" भन्ने शब्दहरु राख्ने।

(२) खण्ड (ढ) पछि देहायको खण्ड (ण) थप गर्नेः

"(ण) लागत मूल्यका आधारित भई कृषि उत्पादनको सर्मथन मूल्य तोक्ने।"

१०. विधेयकको साविको दफा १३ दफाक्रम मिलाउँदा कायम हुने दफा १४ कोः

(१) उपदफा (३) मा रहेको "किसानको हैसियतले राज्यवाट प्राप्त हुने सहुलियत, छुट तथा सुविधा" भन्ने शब्दहरुको सट्टा "किसानलाई राज्यबाट प्राप्तहुने सहुलियत, छुट, सुविधा तथा प्रचलित कानून बमोजिम योगदानमा अधारित निवृतिभरण" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (४) मा रहेको "परिचयपत्र सम्वन्धी" भन्ने शब्दहरुको सट्टा "परिचयपत्रको मान्य अवधि नवीकरण तथा तत् सम्वन्धी" भन्ने शब्दहरु राख्ने।

११. विधेयकको साविको दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १५ कोः

(१) खण्ड (ग) मा रहेका "तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजको लागि उपयोग गर्ने वा गराउन नदिने" भन्ने शब्दहरुको सट्टा "भूमिको उपयोग सम्बन्धमा प्रचलित कानून बमोजिम तोकिएको प्रयोजन बाहेक अन्य प्रयोजको लागि उपयोग गर्न वा गराउन नदिने" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (घ) मा रहेको "अनियन्त्रित" भन्ने शब्द झिक्ने।

(३) खण्ड (ङ) मा रहेको "दफा २०" शब्दको सट्टा "दफा २१" भन्ने शब्द राख्ने।

१२. विधेयकको साविकको दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा २० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः

"(१) कुनै सरकारी संस्था, निकाय, कम्पनी वा फर्मले सिफारिस गरेको बीउ विजन सिफारिस गरेको क्षेत्र र समयमा सिफारिस गरेको विधि, प्रक्रिया वा तरिका बमोजिम गरेको खेती वा त्यस्तो संस्था, निकाय, कम्पनी वा फर्मबाट सिफारिस गरिएको बीउ, विजन, विधि, प्रकृया वा मल सिफारिस गरिएको तरिका बमोजिम प्रयोग गरेको अवस्थामा कसैको वाली उत्पादन हुन नसकेमा वा सारभूत रुपमा बाली उत्पादनमा कमी आएमा त्यस्तो बीउ, विजन, विधि, प्रकृया वा मल सिफारिस गर्ने संस्था, निकाय, कम्पनी वा फर्मले क्षतिपूर्ति दिनु पर्नेछ ।"

१३. विधेयकको साविकको दफा २५ दफाक्रम मिलाउँदा कायम हुने दफा २६ मा रहेका "सञ्चिति प्रणाली विकास" भन्ने शब्दहरुको सट्टा "सञ्चितिको व्यवस्था" भन्ने शब्दहरु राख्ने ।

१४. विधेयकको साविकको दफा २६ दफाक्रम मिलाउँदा कायम हुने दफा २७ को उपदफा (१) मा रहेका "दफा २५" भन्ने शब्दहरुको सट्टा "दफा २६" भन्ने शब्दहरु राख्ने ।

१५. विधेयकको साविकको दफा २७ दफाक्रम मिलाउँदा कायम हुने दफा २८ मा रहेका "दफा २५" भन्ने शब्दहरुको सट्टा "दफा २६" भन्ने शब्दहरु राख्ने ।

१६. विधेयकको साविकको दफा २९ दफाक्रम मिलाउँदा कायम हुने दफा ३० को उपदफा (१) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरुपछि "सुपथ मूल्यको पसल वा सार्वजनिक खाद्य वितरण केन्द्र मार्फत" भन्ने शब्दहरु थप्ने ।

१७. विधेयकको साविकको दफा ३१ दफाक्रम मिलाउँदा कायम हुने दफा ३२ को,–

(१) उपदफा (१) मा रहेका "मन्त्रालयको मन्त्रिको अध्यक्षतामा तोकिए बमोजिम राष्ट्रिय खाद्य परिषद्को एक परिषद् गठन हुनेछ" भन्ने शब्दहरुको सट्टा "मन्त्रिको अध्यक्षतामा तोकिए बमोजिम एक राष्ट्रिय खाद्य परिषद् गठन हुनेछ" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिम गठित" भन्ने शब्दहरु झिक्ने ।

१८. विधेयकको साविकको दफा ३९ दफाक्रम मिलाउँदा कायम हुने दफा ४० को खण्ड (च) मा रहेका "दफा ९" भन्ने शब्दहरुको सट्टा "दफा ७" भन्ने शब्दहरु राख्ने ।

१९. विधेयकको साविकको दफा ४१ दफाक्रम मिलाउँदा कायम हुने दफा ४२ को,–

(१) दफा शीर्षक पछि रहेका "कसैले दफा ३९" भन्ने शब्दहरुको सट्टा "कसैले दफा ४०" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (क) मा रहेका "वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।" भन्ने शब्दहरुको सट्टा "र दश लाख रुपैयाँसम्म जरिवाना," भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (ख) मा रहेका "वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।" भन्ने शब्दहरुको सट्टा "र तीन लाख रुपैयाँसम्म जरिवाना," भन्ने शब्दहरु राख्ने ।

(४) खण्ड (ग) मा रहेका "वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।" भन्ने शब्दहरुको सट्टा "र पाँच लाख रुपैयाँसम्म जरिवाना," भन्ने शब्दहरु राख्ने ।

(५) खण्ड (घ) मा रहेका "वा एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।" भन्ने शब्दहरुको सट्टा "र एक लाख रुपैयाँसम्म जरिवाना," भन्ने शब्दहरु राख्ने ।

(सत्य नारायण शर्मा खनाल)
सभापति
कृषि सहकारी तथा प्राकृतिक श्रोत समिति